आज मिति २०७८ साल श्रापण ३१ गते आइतबारका दिन बिर्तामोड नगरपालिकाको बैठक नगर प्रमुख श्री ध्रुव कुमार शिवाकोटीज्यूको अध्यक्षतामा वसी निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

उपस्थिति

नगर प्रमुख : श्री ध्रुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं.का.वा.वडा अध्यक्ष : श्री किशोरकुमार पौडेल

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङ्गदेन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्गवा

७ नं. का.वा वडा अध्यक्ष : श्री सुर्यबहादुर लावती

८ नं.का.वा.वडा अध्यक्ष : श्री इन्दिरा पाण्डे

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्ग

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपदि गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता घिमिरे

कार्यपालिका सदस्य : श्री संगिता शिवा

सचिव : श्री गणेश प्रसाद दाहाल

CamScanner

निर्णय नं.१. बिर्तामोड नगरपालिका वडा नं.३ र ४ मा पर्ने मुक्तिचोक दक्षिण नयाँ भद्रपुर रोडमा सिसि क्यामेरा जडान गर्न गठित पुरानो उपभोक्ता समितिको अधुरो कार्यलाई पुरा गर्न विगतमा भएको लागत सहभागिताको आधारमा बाँकी रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२ बिर्तामोड नगरपालिका वडा नं.३ र ४ मा पर्ने मुक्तिचोक दक्षिण नयाँ भद्रपुर रोड अन्तर्गत प्रकाश आयल ट्रेडर्स सम्मको डिभाइर्डसमा हरीयाली सर्म्वद्धन र विउटी फिकेसन गर्नका लागि यस नगरपालिकाकाले तयार गरेको डिजाईन स्टमेट र तोकेको विरुवा रोप्न कार्यकम र कार्ययोजना पेश गर्न विर्तामोड उद्योग बाणिज्य संघलाई अनुरोध गर्ने ।

निर्णय नं.३. बिर्तामोड नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने विसर्जन केन्द्र लेण्ड फिल्डको सम्बन्धमा यस नगरपालिकाले मिति २०७८/४/१२ गतेका दिन प्रकशन गरेको सूचना अनुसार यस नगरपालिकामा पेश हुन आएका निवेदकहरुको जग्गाको स्थलगत अध्ययन र मुल्याङ्कन गरि सोको प्रतिवेदन मिति २०७८/४/३२ गते भित्र पेश गर्ने गरि निम्नानुसारको समिति गठन गर्ने र उक्त समितिले पेश गरेको प्रतिवेदनको आधारमा कार्यान्वियन गर्ने निर्णय गरियो ।

संयोजक - श्री राजेन्द्र प्रसाद लिङ्देन

सदस्य - श्री अग्नी प्रसाद पाण्डे

सदस्य - श्री निता घतानी

सदस्य - श्री सुरेन राजवंशी

सदस्य - श्री द्रौपति गणेश

सदस्य - श्री राहुल शर्मा

सदस्य - अमिन. नारायण बस्नेत

सदस्य सचिव - श्री मेघराज बास्तोला

निर्णय नं.४. बिर्तामोड नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्न अख्तियार प्राप्त श्री निराकार सरसफाई सेवा प्रा.लि. काठमाण्डौलाई यस नगरपालिकाले सरसफाई सेवा शुल्क अशुल उपरका लागि उपलब्ध गराएको अनुसुची अनुसारको नियम र दररेट भन्दा बढी रकम अशुल उपर नगर्न नगराउन र त्यसरी तोकिएको विषय भन्दा अरु विषय र बढी दरेरेटमा रकम अशुल उपर गरेको भए उक्त बढी रकम सम्वन्धित व्यक्तिलाई फिर्ता दिन निराकार सरसफाई सेवा प्रा.लि. काठमाण्डौलाई निर्देशन दिने ।

निर्णय नं.५. यस नगरपालिकाबाट अशुल उपर गरिने विभिन्न कर, दस्तर, शुल्क आदी अव उप्रान्त अनलाईन माध्यमवाट समेत भुक्तानि हुने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देश दिने ।

निर्णय नं.६. कोभिड-१९ प्रकोपको रोकथाम र नियन्त्रणका लागि इलाका प्रहरी कार्यालयले माग गरेका सामाग्रीहरु उपलब्धताका आधारमा उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

निर्णय नं.७. यस कार्यालयबाट आ.व.२०७८/०७९ को लागि आव्हान गरिएको विज्ञापन कर संकलन सम्बन्धी ठेक्का बन्दोबस्तको सूचना तेस्रो पटक सम्म पनि आव्हान गर्दा समेत ठेक्का बन्दोबस्त नभएकाले बिर्तामोड नगरपालिका आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त कार्यविधि २०७७) बमोजिम मिति २०७८/४/३१ गते बसेको राजस्व परामर्श समितिको बैठकले उक्त ठेक्का पुन आव्हानका लागि न्युनतम डाक अंक वार्षिक रु २५,००,०००।- (अक्षेरुपी पच्चिस लाख) कायम गर्ने गरि सिफारिस गरेको हुँदा उक्त ठेक्काको न्युनतम डाक अंक रु २५,००,०००।- कायम गरी पुन ठेक्का बन्दोबस्त प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.८. यस कार्यालयबाट आ.व.२०७७/०७८ को लागि ठेक्का बन्दोबस्त भएका देहाय बमोजिमका ठेक्काहरको आय संकलनमा कोरनाको कारण सम्पूर्ण क्षेत्रमा जिल्ला प्रशासन कार्यालय झापाको मिति २०७८/०१/२१ गते जारी निषेधाज्ञाको आदेशबाट प्राभवित भएकोले सवारीको पूर्ण निषेधाज्ञा भएको दिनको शत प्रतिशत र जोरविजोर लागु भएको दिनको हकमा पचास प्रतिशत छुट दिने । तपसिल बमोजिमका ठेक्काहरुमा ठेक्का सम्झौता बमोजिम दामासाही हुने रकम छुट दिने ।

१. टेकबहादुर गिरी बसपार्कको पार्किङ तथा पूर्वाधार उपभोग शुल्कमा ५४ दिनको पूर्ण र १८ दिनको पचास प्रतिशत ।

२. कोइलाजन्य पदार्थमा लिइने सेवा शुलक मा ५४ दिन पुर्ण र १८ दिनको पचास प्रतिशत ।

३. चारपाने राजगढ सडकखण्डको पूर्वाधार उपभोग कर (पटके सवारी) मा ५४ दिनको पूर्ण र १८ दिनको पचास प्रतिशत ।

४. दैनिक तथा साप्ताहि हाटबजार वहाल विटौरी शुल्कमा ७२ दिनको पूर्ण निषेधाज्ञानको छुट दिने ।

निर्णय नं.९. स्थानीय सरकार संचालन ऐन २०७४ दफा १३ को प्रयोजनका लागि न्यूनतम दररेट निर्धारण सिफासि समितिको मिति २०७८/०३/२९ को सिफाारिसको आधारमा आर्थिक वर्ष २०७८/०७९ को लागि न्यूनतम दररेट निर्धारण गर्ने निर्णय गरियो ।

CS CamScanner